**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आज देखि उत्तर प्रदेशको तीन दिवसीय भ्रमणमा जानुहुनेछ।
- केन्द्रीय मन्त्रीमंडलले ३३ हजार ६६० करोड रुपियाको आवंटन सहित एक सय प्लग एन्ड प्ले औद्योगिक पार्कहरू विकास गर्न भारत औद्योगिक विकास योजना भव्या लाई स्वीकृति दिएको छ।
- लोकसभाले हिज बर्ष 2026-27 को लागि कृषि एवं कृषक कल्याण मन्त्रालयको नियन्त्रणमा अनुदान मागहरूको लागि स्वीकृति प्रदान गरेको छ ।सरकारले टोल अनुपालन र डिजिटल प्रवर्तन लाई बलियो बनाउन राष्ट्रिय राजमार्ग शुल्क नियम-२०२६ को संशोधनलाई अधिसूचित गरेको छ।
- चैत्र नवरात्रको पवित्र पर्व आजदेखि शुरु भएको छ।

राष्ट्रपति द्रौपदी मुर्मु -उत्तर प्रदेश

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आज देखि उत्तर प्रदेशको तीन दिवसीय भ्रमणमा रहुनुहुनेछ। राष्ट्रपति श्री राम जन्मभूमि मन्दिरको दर्शन गर्न आज अयोध्या पुग्नुहुनेछ। त्यसपछि उहा मथुरा–वृन्दावनका लागि प्रस्थान गर्नेछिन्। शुक्रबार, राष्ट्रपति मुर्मुले वृन्दावनमा रामकृष्ण मिशन सेवाश्रमको नन्द किशोर सोमानी अंकोलोजी ब्लकको उद्घाटन गर्नुहुनेछ।

**केन्द्रीय मन्त्रीमंडल- भव्या**

केन्द्रीय मन्त्रीमंडलले ३३ हजार ६६० करोड रुपियाको आवंटन सहित १०० प्लग एन्ड प्ले औद्योगिक पार्कहरू विकास गर्न भारत औद्योगिक विकास योजना (भव्या) लाई स्वीकृति दिएको छ। मन्त्रिमण्डलको बैठकपछि नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिंदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यस योजनाको उद्देश्य विश्वस्तरीय औद्योगिक बुनियादी ढाचाको विकास गर्नु हो, विनिर्माण क्षमतालाई उजागर गर्नु र देशको विकासको कथालाई अगाडि बढाउनु हो। उहाले अझ भन्नुभयो - १०० देखि १ हजार एकडको औद्योगिक पार्कहरू प्रति एकड एक करोड रूपियाँसम्मको सहयोगका साथ विकास गरिनेछ।

1- Byte- अश्विनी वैष्णव

**भारतीय जनता पार्टी - बैठक**

भारतीय जनता पार्टी केन्द्रीय चुनाउ समितिको बैठक हिज नयाँ दिल्ली स्थित पार्टी मुख्यालयमा सम्पन्न भयो। बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह, भाजपा अध्यक्ष नितिन नबीन र अन्य वरिष्ठ नेताहरू उपस्थित हुनुहुन्थ्यो I पुडुचेरीमा आगामी विधानसभा चुनावका लागि उम्मेदवारहरूको नामहरुलाई अन्तिम रूप दिन बैठक आयोजना गरिएको थियो।

**प्रधानमन्त्री- कुवेतका युवराज बातचीत**

प्रधानमन्त्री नरेन्द्र मोदीले कुवेतका युवराज शेख सबाह अल-खालिद अल-हमद अल-मुबारक अल-सबाहसँग फोनमा बातचीत गर्नुभयो र आगामी इद पर्वको लागि बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले भन्नुभयो- वार्ताको क्रममा दुई नेताहरूले पश्चिम एसियाको विकसित अवस्थाबारे चर्चा गर्नुभयो र ताजा घटनाक्रमहरूमाथि चिन्ता व्यक्त गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले कुवेतको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि भएको आक्रमणको निन्दा गर्नुभएको छ I

**लोकसभा – अनुदान स्वीकृत**

लोकसभाले हिज बर्ष 2026-27 को लागि कृषि एवं कृषक कल्याण मन्त्रालयको नियन्त्रणमा अनुदान मागहरूको लागि स्वीकृति प्रदान गरेको छ । एक चर्चा को जवाफ दिनुहुदै कृषि एवम् कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले खाद्य सुरक्षा सुनिश्चित गर्ने, कृषकहरूको आय बढाउने र जनतालाई पौष्टिक खाना उपलब्ध गराउने उद्देश्यका साथ सरकार अघि बढिरहेको बताउनु भएको छ । उहाँले भन्नुभयो, बर्ष 2013-14 मा कृषिको लागि बजेट आवन्टन केवल 21 हजार 933 करोड रूपियाँ थियो, जुन अहिले बढेर एक लाख 30 हजार करोड रूपियाँ भन्दा अधिक पुगेको छ। श्री चौहानले भन्नुभयो, प्रधान मन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकार कृषि उत्पादन बढाउनका लागि निरन्तर काम गरिरहेको छ। उहाँले भन्नुभयो,- बर्ष 2014-15 मा 265 मिलियन टन खाद्यान्न उत्पादनको तुलनामा उत्पादन बढेर 357 मिलियन टन पुगेको छ। पीएम-किसानको बारेमा मन्त्री श्री सिंहले -पीएम-किसान सम्मान निधि योजना अन्तर्गत 22 किस्तामा चार लाख 27 हजार करोड रुपियाँ सीधा किसानहरूको खातामा हस्तान्तरण गरिएको बताउनु भएको छ।

**2-Byte-शिवराज सिंह चौहान**

**निर्वाचन आयोग - विधानसभा चुनाउ तैनाती**

निर्वाचन आयोगले आगामी विधानसभा चुनाव अघि चार राज्य र एक केन्द्र शासित प्रदेशमा शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न २५ लाखभन्दा अधिक अधिकारीहरू परिचालन गरेको छ। १५ लाख मतदान कर्मचारी, ८ लाख ५० हजार सुरक्षाकर्मी र अन्य अधिकारीहरू संलग्न छन्। आयोगका अनुसार आम चुनाव र उप-चुनावको समयमा निगरानी गर्न 832 विधानसभा क्षेत्रहरुमा एक हजार भन्दा अधिक केन्द्रीय पर्यवेक्षकहरू पनि तैनाथ गरिएको छ। जसमा ५५७ सामान्य पर्यवेक्षक, १८८ पुलिस पर्यवेक्षक र ३६६ व्यय पर्यवेक्षक रहेका छन् ।

**निर्वाचन आयोग - पश्चिम बंगाल -फेरबदल**

पश्चिम बंगालमा आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै निर्वाचन आयोगले प्रशासनिक र पुलिस अधिकारीहरूको ठूलो फेरबदल गरेको छ। आयोगले ११ जना जिल्ला अधिकारीहरुलाई पदबाट हटाएको छ । उनी जिल्लाको निर्वाचन अधिकारीका रुपमा पनि कार्यरत थिए । नयाँ अधिकारीहरू कुचबिहार, जलपाईगुडी, मालदा, मुर्शिदाबाद, नादिया र उत्तर र दक्षिण २४ परगना सहित अन्य जिल्लाहरूमा नियुक्त गरिएका छन्। यसअघि पुलिस उप महानिरीक्षक स्तरका पाँच अधिकारीहरुलाई पनि हटाइएको छ । यो आदेश तत्काल प्रभावका साथ् लागू भएको छ । अधिकारीहरूलाई आज दिउँसो ३ बजेसम्म कार्यभार सम्हाल्न र अनुपालन रिपोर्ट पेश गर्न निर्देश दिइएको छ। चुनाउ प्रक्रिया पुरा नभए सम्म हटाइएका अधिकारीहरुलाई चुनाउ सम्बन्धि कुनै पनि कार्य सुम्पिने छैन ।

**लोकसभा- विनियोग विधेयक-स्वीकृत**

लोकसभाले हिज विनियोग विधेयक -२ २०२६ पारित गरेको छ। वित्तमन्त्री निर्मला सीतारमणले उक्त विधेयक प्रस्तुत गर्नुभएको थियो । विधेयकले वित्त वर्ष 2026-27 को सेवाहरूको लागि भारतको संचित कोषबाट र बाहिर केही रकमहरूको भुक्तानी र आवन्टनलाई अधिकृत गर्ने प्रावधान रहेको छ I विनियोग विधेयक-2 2026 पारित हुनुभन्दा पहिले, सदनले गिलोटिन लागू गरेर विभिन्न मन्त्रालयहरूको नियन्त्रणमा 2026-27 को लागि अनुदानको मागलाई पनि अनुमोदन गरेको छ । यी मन्त्रालयमा गृह, रक्षा, विदेश, ऊर्जा, सूचना तथा प्रसारण, उपभोक्ता मामिला, स्वास्थ्य र नागरिक उड्डयन मन्त्रालय रहेका छन् । सदनले विपक्षी सदस्यहरूले ल्याएको कटौती प्रस्तावलाई ध्वनिमतले अस्वीकार गर्यो। त्यसपछि सदन दिनभरिका लागि स्थगित भएको थियो । अब सोमबार बिहान ११ बजे बैठक बस्नेछ ।

**सरकार काचो तेल- उपलब्धता सामान्य**

सरकारले काचो तेलको उपलब्धता सामान्य रहेको र तेल शोधक संयंत्रहरू पूर्ण क्षमतामा काम गरिरहेको आश्वासन दिएको छ। पेट्रोलियम एवम् प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले हिज नयाँ दिल्लीमा पश्चिम एसियाका ताजा घटनाक्रमहरूबारे अन्तर-मन्त्रालय ब्रिफिङमा यो जानकारी दिनुभएको हो । उहाले आन्तरिक ग्यास उत्पादनमा ४० प्रतिशत वृद्धि

भएको जानकारी दिनुभयो । सुश्री शर्माले भन्नुभयो - सरकारले सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई थप 10% व्यावसायिक एलपीजी आवंटित गरेको छ। उहाले अझ भन्नुभयो – बिगत केही दिनहरूमा लगभग बाह्र हजार छापा मारिएको थियो र लगभग पन्ध्र हजार सिलिन्डरहरू जफत गरिएको थियो। उहा अनुसार, लगभग साढे दुई हजार खुद्रा पसल र एलपी ग्यास वितरकको औचक निरीक्षण गरिएको छ।

**वस्त्र मंत्रालय - राज्य कृषि सम्मेलन**

वस्त्र मन्त्रालयले हिज राज्य कृषि सम्मेलनमा चालू फसलको मौसमका लागि जुट खेतीको स्थिति र तयारीको समीक्षा गरेको छ। बैठकमा बीजको प्रगति, बीजको उपलब्धता, उन्नत कृषि अभ्यासको कार्यान्वयन र फाइबरको गुणस्तर सुधार गर्न रेटिङ कार्यको तयारीको समीक्षा गरिएको थियो। बैठक अवधि , पूर्वोत्तर क्षेत्र मा जूट मूल्य श्रृंखलालाई अब्लियो बनाउन को लागी पूर्वोत्तर हस्तशिल्प तथा हथकरघा विकास निगम, राष्ट्रीय जूट बोर्ड और भारतीय जूट निगम बीच एक समझौता ज्ञापन पत्रमा हस्ताक्षर गरिएको छ।

**सरकार -टोल अनुपालन**

सरकारले टोल अनुपालन र डिजिटल प्रवर्तन लाई बलियो बनाउन राष्ट्रिय राजमार्ग शुल्क नियम, २०२६ को संशोधनलाई अधिसूचित गरेको छ। सडक परिवहन तथा राजमार्ग मन्त्रालयले भनेको छ, यो संशोधनले भुक्तान नगरिएको प्रयोगकर्ता शुल्कको मामलामा एक संरचित रिकभरी संयन्त्र प्रदान गर्दछ र टोल संकलनको डिजिटल प्रवर्तनलाई सुदृढ पार्न प्रस्तुत गरिएको छ। यसको उद्देश्य राष्ट्रिय राजमार्गहरूमा प्रयोगकर्ता शुल्कको कुशल र पारदर्शी प्राप्ति सुनिश्चित गर्नु पनि हो। नियम 14 अन्तर्गत अधिसूचित अवैतनिक प्रयोगकर्ता शुल्कको लागि संरचित रिकभरी संयन्त्रमा तकनिकी -संचालित इलेक्ट्रोनिक नोटिस (ई-नोटिस) प्रणाली समावेश छ, जसमा दर्ता भएका वाहन मालिकहरूलाई वाहन विवरण, तारिख र मार्गको स्थान, र देय रकम निर्दिष्ट गर्दै इलेक्ट्रोनिक नोटिस जारी गरिनेछ।

**चैत्र नवरात्रि - पावन उत्सव - शुरू**

चैत्र नवरात्रको पवित्र पर्व आजदेखि शुरु भएको छ। नौ दिनसम्म चल्ने महोत्सवलाई लिएर देशैभरि उत्साह र उमंग छ। नवरात्रीको पहिलो दिन मन्दिरहरुमा विशेष पूजाअर्चना गरिँदैछ। ठूलो संख्यामा भक्तजन तथा श्रद्धालुहरु मन्दिरमा पुगिरहेका छन् ।